भीमफेदी-कुलेखानी सडक डेढ महिना बन्द । पृष्ठ ५ मा

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com

खबरपत्रिका साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मिडिया चोक, मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com





● मकवानपुर, वर्ष-१३, ● अंक-४१ ● २०७८ वैशाख १३ गते सोमबार, ● 26 April. 2021, ● नेपाल सम्वत्-११४१, ● पृष्ठ-६, ● मूल्य रु. १०/-


## 'थाहाको भूमि समस्या समाधान हुन्छ'

विकास संवाददाता

थाहा नगर

मकवानपुर थाहा नगरपालिकाका दलित भूमिहिन, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूका लागि राहत मिल्ने भएको छ । आफ्नो नाममा जग्गा धनी पुर्जासहितको जमिन नभई अव्यवस्थित रूपमा बसोबास गर्दै आएकाहरूका लागि अब प्रक्रिया शुरू हुने भएको हो । त्यसोतः भूमिहिन दलित र भूमिहिन सुकुम्बासीका लागि पनि सरकारले जग्गा उपलब्धताको लागि आवश्यक पहल गर्ने भएको हो । सरकारले गठन गरेको भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति मकवानपुर मार्फत प्रक्रिया अघि बढ्न लागेको हो । समस्या समाधानको लागि थाहा नगरपालिकाले सबै १२ वटै वडामा तथ्याङ्क संकलन गर्ने कार्य शुरू गरिसकेको छ ।

थाहा नगरपालिकाको प्रत्येक वडामा खटिएका तथ्याङ्क संकलकहरूले वडामा रहेका दलित भूमिहिन, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरूको तथ्याङ्क संकलन गर्ने व्यवस्था मिलाइएको नगर प्रमुख लवशेर विष्टले जानकारी दिए । तथ्याङ्क संकलक, वडा सचिव र वडा अध्यक्षहरूलाई ७ वैशाखमा अभिमुखीकरण गरी विवरण संकनको कार्य प्रारम्भ गरिएको हो । थाहा नगरपालिकाका नगर प्रमुख लवशेर विष्टको सभाध्यक्षतामा भएको अभिमुखीकरणमा भूमि सम्बन्धी समस्या समाधान आयोगका केन्द्रिय सदस्य केशव देवकोटा र जिल्ला समिति मकवानपुरका सदस्य तुलसी रिजालले सहजीकरण गरेका थिए । सहजीकरणको क्रममा तथ्याङ्क संकलन गर्दा ध्यान दिनूपर्ने कुरा तथा सिकाइ सम्बन्धी जानकारी गराइएको थियो । सो अवसरमा भूमि सम्बन्धी समस्या समाधान आयोग जिल्ला समिति मकवानपुरका अध्यक्ष रामेश्वर रानाले भूमि सम्बन्धी समस्या समाधान आयोगको काम कर्तव्य र अधिकारको विषयमा जानकारी गराएका थिए । 'सरकारले कोही पनि नागरिक भूमिहीन नहोउन् भन्ने उद्देश्य सहित अघि सारिएको कार्यक्रमलाई सबैले सहयोग गर्नुपर्छ, नागरिकलाई भूमि दिलाउनु पर्छ'-जिल्ला अध्यक्ष रानाले भने-'भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीहरूको वास्तविक लगत तयार गरी अभिलेखीकरण गरी आवासविहीन नागरिकका परिवारलाई भूमि उपलब्ध गराइ योजनाबद्ध, एकीकृत र सुरक्षित बस्ती निर्माणमा मद्दत गर्ने उदेश्य छ ।' कृषि कर्ममा संलग्न भूमिहीन दलित, भूमिहीन सुकुमबासी तथा अव्यवस्थित बसोबासीलाई कृषिका लागि जमिन उपलब्ध गराउने वा स्वामित्व कायम गर्ने उद्देश्य रहेको अध्यक्ष रानाले जानकारी गराए ।

कार्यक्रममा भूउपयोग योजना कार्यान्वयनमा सहजीकरण गरी व्यवस्थित बस्ती निर्माण र उत्पादन तथा उत्पादकत्व वृद्धिमा योगदान गर्ने पनि उनले बताए ।

### वडामा खटिए तथ्याङ्क संकलक



अभिमुखीकरण कार्यक्रममा मन्तव्य व्यक्त गर्दै जिल्ला अध्यक्ष रामेश्वर राना

पालिकामा तथ्याङ्क व्यवस्थित रूपमा संकलन गर्नका लागि भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम स्थानीय तहमा सहजीकरण समिति गठन गर्ने व्यवस्था रहेको छ । कार्यविधि अनुसार स्थानीय तहको प्रमुखको संयोजकत्वमा नगरस्तरीय सहजीकरण समिति गठन हुने व्यवस्था छ । सहजीकरण समितिको उपसंयोजकमा उपप्रमुख रहने व्यवस्था कार्यविधिमा छ । सम्बन्धीत स्थानीय तहमा रहेको मान्यता प्राप्त राजनीतिक दलको प्रमुख वा तिनले तोकेको प्रतिनीधि सदस्य, कार्यपालिका सदस्य मध्येबाट एक जना दलित महिला सहित दुई जना सदस्य, संयोजकले मनोनयन गरेको भूमि आवास लगायतको क्षेत्रमा काम गरिरहेको संघसंस्था वा समितिहरू मध्येबाट कम्तिमा एक महिला पर्ने गरी दुई जना सदस्य र नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव हुने व्यवस्था छ ।

त्यस्तै वडास्तरमा पनि सहजीकरण हुने कार्यविधिमा व्यवस्था गरिएको छ । वडा अध्यक्षको संयोजकत्वमा गठन हुने सहजीकरण समितिमा वडाका निर्वाचित वडा सदस्यहरू समितिको सदस्य हुने व्यवस्था कार्यविधिमा उल्लेख गरिएको छ । समितिमा वडा अध्यक्षको सिफारिसमा नगर प्रमुखले मनोनयन गर्ने भूमि आवास लगायतको क्षेत्रमा काम गरिरहेको संघसंस्था वा समितिहरू मध्येबाट कम्तिमा एक महिला पर्ने गरी दुई जना सदस्य रहने व्यवस्था छ । समितिको सदस्यसचिव भने वडा सचिव हुने व्यवस्था छ ।

अहिले थाहा नगरपालिकाको १२ वटै वडामा तथ्याङ्क संकलक खटिसकेका छन् । उनीहरूले विवरण संकलन गर्दा सबै सदस्यहरू राखेर तथ्याङ्क संकलन गर्नुपर्ने व्यवस्था गरिएको छ । कार्यविधि अनुसार निवेदन फारम घरमुलीसंगै सोध्नु पर्ने छ भने अनावश्यक कुराहरू तथ्याङ्क संकलकले सोध्न नपाउने व्यवस्था छ । त्यस्तै निवेदन फारममा केरमेट नगर्ने र टिपेक्स समेत लगाउन पाइने छैन । संकलकले घरमुलीको फोटो खिचेर फारममा फोटो नम्बर चढाउनु पर्दछ । प्रत्येक दिन पेश भएका निवेदन भरपाई गरी वडा कार्यालयमा बुझाउनुपर्ने छ । भूमि सम्बन्धी समस्या समाधान आयोगले ५ वैशाखमा प्रकाशित सूचना अनुसार ३५ दिन भित्रमा तथ्याङ्क संकलन गरिसक्नु पर्ने उल्लेख छ ।

## शिक्षक संगठन कैलाशको अध्यक्षमा गुरुङ

◆ विकास संवाददाता

नेपाल राष्ट्रिय शिक्षक संगठन कैलाश गाउँपालिकाको दोस्रो पालिका अधिवेशन भएको छ । दोस्रो अधिवेशनका अवसरमा शिक्षकका विभिन्न पेशागत संस्थाबाट कैलाश गाउँपालिकामा कार्यरत १८ जना शिक्षकहरू नेपाल राष्ट्रिय शिक्षक संगठन प्रवेश गरेका छन् ।

अधिवेशनले दिपक गुरूङ्को अध्यक्षतामा २४ सदस्सीय नयाँ कमिटी समेत गठन गरेको छ । नेपाल राष्ट्रिय शिक्षक संगठन राष्ट्रिय परिषद् सदस्य रमेश लामिछानेको प्रमूख आतिथ्यतामा सम्पन्न कार्यक्रममा जिल्ला अध्यक्ष श्रीराम दाहालको विशिष्ट आतिथ्यता रहेको थियो । कार्यक्रम कैलाश गाउँपालिका अध्यक्ष रत्न बहादुर स्याङ्तानको अध्यक्षतामा सम्पन्न भएको हो । अधिवेशनले उपाध्यक्ष महिलातर्फ सुजाता फूयाँल र खुलामा रक्षा सापकोटा चयन गरेको छ भने सचिवमा ईन्द्रमणी गौतम, कोषाध्यक्षमा बलराम मुक्तान, सहसचिव महिलातर्फ रेनुका प्रजा, सहकोषाध्यक्ष महिलातर्फ बोईमा स्याङ्तान लगायत २४ सदस्यीय कमिटि सर्वसम्मत भएका हुन् । विभिन्न पेशागत संस्थाबाट शिक्षक संगठन प्रवेश गर्नेमा भने विराजित लामा योञ्जन, सरिता गुरूङ्, दीलराज मोक्तान, धिरज रौनियार, चमेली ब्लोन, मञ्जु कुमारी शाह, युवराज दोङ्, सरस्वती गिरी,राधिका कालाखेती, सुन कुमारी थिङ्, लासाङ् ब्लोन, निरूत्ता मोक्तान, अम्विका कालाखेती, शान्ति पाख्रिन,सेतीमायाँ थिङ्, अञ्जु पुलामी मगर, सुकुमायाँ प्रजा, र मनुमायाँ तितुङ् रहेका हुन् ।

यसैगरी अधिवेशनकै अवशरमा संगठन कैलाश पालिकाले विभिन्न स्थानबाट कैलास पालिका सरूवा भई आएका र नवनियुक्त शिक्षकलाई खादा सहित स्वागत गरेको छ ।


## व्यक्तिगत घटना दर्ता सम्बन्धी जरूरी सूचना !

जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

थाहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
इन्द्रायणीचौर, मकवानपुर

## नेपाल सरकारको सूचना !

पदिय दायित्व पूरा नगर्नू भनेको समाज र राष्ट्रको लागि धोखा हो ।

नेपाल सरकार
सूचना तथा सञ्चार प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# • सम्पादकीय •

## आफ्नो आदेश आफै नटेर्ने सरकार

कोभिड–१९ को अर्को लहर शुरु भएको छ । यसअघि जस्तै रोकथाम तथा नियन्त्रणका लागि सरकारले नियम बनाएको छ ।तर, सरकारले बनाएका नियम आफैँ उल्लङ्घन गर्न थालेको छ । कोरोना रोकथामका लागि आफैँले बनाएको नियम र सर्वसाधारणको लागि दिएको आदेश आफैँले उल्लङ्घन गर्दै जाने हो भने देशमा कोरोनाको अवस्था कस्तो होला ? यो प्रश्न सरकारका निर्णय र उसका कामले उब्जाएको हो। खासगरी कोभिड–१९ को दोस्रो लहर बढेर अत्यासलाग्दो अवस्थामा पुगेको बेला सरकारले संक्रमण रोकथाम र सतर्कता अपनाउनका लागि ३० बुँदे आदेश जारी गरेको थियो। यसले केही हदसम्म नियन्त्रणका लागि सहयोग पुग्ने भनी ठानिएको बेला सरकार आफैँले त्यस्तो आदेशको उल्लङ्घन गर्न थालेपछि चिन्ता बढाएको छ । कोरोनाको संक्रमण विस्तार हुने प्रमुख माध्यम हो भीडभाड । त्यसलाई रोक्न सकियो भने मात्रै पनि ठूलो मात्रामा संक्रमण आफैँ नियन्त्रणमा आउन सक्छ। तर सरकारले चाहिँ यस्तो निर्णय गरेको क्षणदेखि नै त्यसको उल्लङ्घन गर्नथाल्यो। बालुवाटारको निवासबाट आदेश जारी गर्ने सरकारले त्यही बालुवाटारको निवासबाट नै र केही मिनेटमा नै त्यसको उल्लङ्घनको सिलसिला पनि सुरु भयो। भव्य समारोहकाबीच यसै समयमा धरहरा पनि उद्घाटन भयो । अरु सामान्य भेला गोष्ठी त कति भए कति ।

सरकारले एक पटकमा २५ जनाभन्दा बढी भेला हुन नपाउने भन्ने निर्णय गरेको छ। मन्त्रिपरिषद्बाट यस्तो निर्णय भएर त्यो कक्षबाट बाहिर निस्किएका प्रधानमन्त्रीले त्यही निवासको अर्को कक्षमा दुई सयभन्दा बढी सख्या उपस्थित भएको एउटा कार्यक्रममा सहभागी भएर उद्घाटन र सम्बोधन गरे। यसमा उनले २५ जनाभन्दा बढीको उपस्थिति हुन नपाउने भनी सरकारले गरेको निर्णयको चर्चा समेत गरेनन् । बालुवाटारको यो दिनको कार्यक्रममा प्रधानमन्त्री केपी ओली मात्र होइन यस्तो निर्णय गर्ने मन्त्रिपरिषद्का सबै सदस्यको उपस्थिति रह्यो। यो बैठक थियो एमाले महाधिवेशन आयोजक कमिटीको। त्यसदिन झुक्किएर यस्तो भयो कि भन्ने ठाउँ पनि रहेन। त्यसको भोलिपल्ट पनि यस्तै भयो। गत सोमबार सरकारले भीडभाडको कार्यक्रम नगर्न कडा आदेश जारी गरेको थियो भने मंगलबार प्रधानमन्त्री आफैँले अर्को भीड खडा गरे चितवनको अयोध्यापुरीमा राखिने रामसीता, लक्ष्मण र हनुमानको मूर्ति हस्तान्तरणको कार्यक्रम राखेर। यो कार्यक्रममा प्रधानमन्त्री निवासमा मन्त्री सांसदसहित सय डेढ सयको उपस्थिति थियो। यो भनेको सरकारले तोकेको संख्याभन्दा झण्डै १० गुना बढीको उपस्थिति हो। यस्तो आदेशको उल्लङ्घन प्रधानमन्त्री आफैँले मात्र होइन उनले अध्यक्षता गरेको पार्टीको भातृसंस्थाबाट पनि त्यस्तै भयो। यो आदेश भएको भोलिपल्टै एमालेको भ्रातृसंगठन नेपाल खेलकुद महासंघले सार्वजनिकस्थल राष्ट्रिय सभागृहमा कार्यकर्ता भेलाको आयोजना गर्‍यो। यो भेलामा यस्तो उपस्थिति थियो जो उक्त हलमा कतै खुट्टो राख्ने ठाउँ समेत थिएन र त्यसमा उपस्थित रहेकाहरूले आक्कलझुक्कलले मात्र मास्क लगाएका देखिए ।

यो ठाउँमा अनुमान गरौँ सरकारको आदेश सरकार नै मान्दैन भने अरुले कसरी पालना गर्लान् । राष्ट्रियस्तरमा मात्र हैन स्थानीय स्तरको पनि हालत उही छ । यसैगरी आदेश दिने र आफै पालना नगर्ने हो भने कोरोनाको ग्राफ कहाँ पुग्ला र त्यसको जवाफदेही को हुने ? यो प्रश्न निरुत्तरित नै छ। ध्यान रहोस् यो आदेशमा नै भनिएको छ–'आदेशको अवज्ञा गर्ने वा आदेशको कार्यान्वयनमा बाधा पुर्‍याउने व्यक्ति तथा संस्थालाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही र सजाय हुनेछ ।' हेर्नु छ प्रधानमन्त्री र मन्त्रीमाथि कस्तो कारबाही होला ?



### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*

### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |



# कृषि अर्थतन्त्रको सरकारी तथ्याङ्क र यथार्थ



केशव आर्चाय

कृषिमा निर्भर रहेर गरिने आर्थिक क्रियाकलापहरूको योगलाई कृषि अर्थत्रन्त्र भनिन्छ । यसमा खेतबारी खनजोत गरी बालीनाली लगाउनुदेखि लिएर पशुपन्छी पालन, माछापालन र यससँग सम्बन्धित कारोबार पर्दछन् । नेपालको अर्थतन्त्रको मुख्य आधार कृषि नै हो । सरकार यसै कृषिको सपना बाँडेर अनुदान र ऋण संकलन गरिरहेको छ तर यसले कृषिमा कुनै आवश्यक परिवर्तन गर्न सकेको छैन । कृषिकै उत्थान र विकासका लागि सरकारले पनि विभिन्न प्रयास अगाडि सारिरहेको छ । कृषिमा लिएको अनुदान र ऋणको उपलब्धि देखाउन सरकारले तथ्याङ्कमा तोडमोड गरेको देखिन्छ किन भने यसको तथ्याङ्क र यथार्थमा विल्कुलै फरक छ ।

यसै वर्ष नेपालमा झन्डै ५५ लाख ५१ हजार मेट्रिक टन धान उत्पादन भएको तथ्याङ्क कृषि मन्त्रालयले सार्वजनिक गरेको छ । यो परिमाण गत वर्षको तुलनामा करिब ५९ हजार मेट्रिकटन अर्थात् एक दशमलव शून्य पाँच प्रतिशतले कम हो । गत वर्ष ५६ लाख १० हजार मेट्रिक टनभन्दा केही बढी धान उत्पादन भएको थियो । समयमा मलको आपूर्ति पर्याप्त मात्रामा हुन नसक्नु र रोगका कारणले यो वर्ष धान उत्पादनमा केही कमी आएको भनिएको छ। तर पनि धान उत्पादनको यो गत केही वर्षपछिको इतिहासमै दोस्रो सबैभन्दा धेरै उत्पादन हो । तर अचम्मको कुरा के छ भने यो वर्षको पाँच महिना (२०७७ साउन(मंसिर)मा १८ अर्ब १७ करोड ८६ लाख नौ मासिक औसत तीन अर्ब ६३ करोड ५७ लाखको चामल आयात भएको छ, जुन गत वर्षको तुलनामा ६५ दशमलव तीन प्रतिशतले बढी हो ।

हाल नेपालमा लगभग ६५ प्रतिशत मानिसको मुख्य पेसा कृषि नै छ । यो सम्पूर्ण जीवको प्राणोधार हो। यसलाई सदुपयोग, संवर्द्धन र प्रवर्द्धन गर्दा भोक र रोगबाट बाँचिन्छ । यसको उत्पादनको गुणस्तर समान हुन्छ भने उत्पादनको दर प्रकृतिमा निर्भर गर्दछ । नेपालमा उत्पादन हुने मुख्य बालीहरूमा धान, मकै, गहुँ, कोदो, जौ र फापर पर्दछन् । कुल गार्हस्थ्य उत्पादनमा कृषिको योगदान २६ दशमलव ५० प्रतिशत रहेको छ । कृषि तथा पशुपन्छी मन्त्रालयको २०७७ को डायरी हेर्दा–नेपालमा खेतीयोग्य जमिन ४० लाख हेक्टर छ ।

४० लाख हेक्टर खेतीयोग्य जमिनमध्ये ३० लाख ९१ हजार हेक्टरमा मात्र खेती गरिएको छ । कृषिको क्षेत्रफललाई मात्र नियाल्दा हिमाली क्षेत्रमा ३५ प्रतिशत, पहाडी क्षेत्रमा ४२ प्रतिशत र तराई क्षेत्रमा २३ प्रतिशत मात्र जमिन छ । यसबाट आव २०७५/७६ मा कुल एक करोड ६८ लाख पाँच हजार पाँच सय ५० मेट्रिक टन खाद्यान्न उत्पादन भएको थियो । नेपालका प्रतिवर्ष चामल, मकै, गहुँ, कोदो, जौ, फापर गरी ६१ लाख मेट्रिक टन आवश्यक पर्दछ ।

उक्त तथ्याङ्क हेर्दा खाद्यान्न उत्पादन अधिक नै देखिन्छ तर आवश्यक भण्डारण र बजारको व्यवस्थापन नहुँदा उत्पादनकै समयमा खलाबाटै अन्न भारत जाने र पछि खाद्यान्न अभाव हुने समयमा भारतबाटै खरिद गरेर खानुपर्ने अवस्था छ। कुल खेतीयोग्य जमिनको लगभग २०/२५ प्रतिशत बाँझै छ । यो बाँझो रहनुमा मानिस कामको सिलसिलामा जहाँ गयो त्यहि बसे । कृषिमा फर्किएनन् । कृषि उत्पादनभन्दा वैदेशिक रोजगारीमा सुख देख्नेहरू बढेर गए । नेपालमा रेकर्ड स्तरमा धान उत्पादन हुँदा, पचासौँ लाख नेपाली युवा देशबाहिर रहँदा र विदेशी पर्यटक झण्डै ठप्प हुँदा पनि चामल आयात यसरी बढ्नुको कारण के हो ? यो प्रश्न अहिलेसम्म पनि अनुत्तरित नै रहेको छ। कतै यो चामल कतै पुनर्निर्यात त भइरहेको छैन ? चासो बढिरहेको छ । बजारमा आपूर्ति स्थिति सन्तोषजनक नै रहेको छ । बजार मूल्य अधिक बढे पनि बजारमा कुनै पनि वस्तु र सेवाको अभाव अनुभव गरिएको छैन ।

नेपालमा वार्षिक दुई खर्ब रूपैयाँबराबरको कृषिसम्बन्धी वस्तु आयात भैरहेको छ । निर्यात हेर्ने हो भने आयातको २५ प्रतिशतसम्म पनि हुन सकिरहेको छैन । हालसम्म नेपालको कृषि परम्परागत, निर्यातमुखी मात्रै भएकोले वर्षैपिच्छे आयात बढिरहेको हो । स–साना कृषि उत्पादनमा संलग्न निकायहरूले थप परिष्कृत हुने अवसर सिर्जना गर्दा उत्पादनमा वृद्धि गर्न सकिन्छ । यसले दिनानुदिन बढिरहेको कृषिसम्बन्धी आयातलाई प्रतिस्थापन गर्न मदत गर्दछ । कृषि भण्डारण र बजारीकरणमार्फत यस क्षेत्रलाई दिगो उत्पादनमुखी बनाउने योजना सरकारले अवलम्बन गर्नुपर्छ । अहिले वार्षिक बजेटको लगभग १५ प्रतिशत रकमबराबरको कृषिवस्तु आयात भइरहेको छ यसलाई प्रतिस्थापन गर्ने कुनै पनि कृषि उत्पादनलाई निरन्तरता दिइएन ।

अहिले आव २०७८/७९ को बजेट निर्माणको समय हो। यस वर्षको बजेटमा कृषि उत्पादनमा मुलुकलाई आत्मनिर्भर गराउँदै खाद्य सुरक्षा र सम्प्रभुत्ता कायम गर्दै लैजाने, दुध र तरकारी, मासुजन्य उत्पादनमा आत्मनिर्भर हुने कार्यक्रम सञ्चालन गर्ने, पोषण र औषधीय गुण भएका उच्च मूल्यका कृषि वस्तु उत्पादन र चैते धान तथा वसन्ते मकै खेतीलाई प्रोत्साहन गर्ने कुरा उल्लेख छ । त्यसैगरी समयमै रासायनिक मल आपूर्ति गर्न मल अनुदानमा वृद्धि गरी ११ अर्ब पुर्‍याइयो । सबैभन्दा बढी मलको हाहाकार यसैवर्ष भयो । प्रांगारिक मलको समेत प्रयोग बढाउँदै अर्गानिक खेती विस्तार गर्ने भनियो । सबै प्रदेशमा गरी ७८ वटा कृषि थोक बजार निर्माणका लागि स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा कृषि उपजको हब मार्केट स्थापना गर्ने भनियो । खाली जग्गा नराख्न भनी भूमि बैंकको अवधारणा ल्याइयो । तर, उपलब्धि देखिएन ।

हाम्रो कृषि क्षेत्र केही वर्ष यतादेखि ओरालो लागेको छ । कृषि मन्त्रीले कृषिक्षेत्रमा सुधारको योजना अघि सार्दै कृषि उत्पादन सामग्रीमा अनुदान, कृषकलाई सस्तो र सुलभ ऋण, बाली तथा पशुपन्छीको बीमा, सबै किसानलाई प्राविधिक सेवाको कुरा गरे । अर्थमन्त्रीले कृषिमा आधुनिकीकरणका विषयमा स्पस्ट पार्दै नागरिकको खाद्य अधिकार सुरक्षित गर्दै गरिबीको अन्त्य गरिने, ठूलो संख्यामा रहेको कृषक परिवारको आयस्तर बढाउने, कृषिको विशिष्टीकरण गर्न व्यावसायिकीकरण गर्ने भनी भाषण गरे ।

यसका लागि कृषियोग्य जमिनको उपयोग, सिँचाइ, ग्रामीण सडक, ग्रामीण विद्युतीकरण, उत्पादनको बजार एवं भण्डारको व्यवस्थापनका लागि बजेट विनियोजन गरियो पनि भनोकृषि सामग्रीमा अनुदान, कृषि व्यवसायमा सहुलियत ऋण तथा यान्त्रिकीकरणमा पुँजीगत अनुदानजस्ता विषय भाषणमा परे । खासगरी पकेट, ब्लक, जोन र सुपर जोनका मापदण्ड तयार गरी ३१ बाली विशेष र आठ पशुपालन गरी ३९ वटा जोनमार्फत ६९ हजार हेक्टरमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाका कार्यक्रम विस्तार गरिने, सम्भाव्यताको आधारमा भटमास र फापरको जोन निर्धारण गरिने, खाद्यान्न र पशुजन्य उत्पादन बढाई आधारभूत खाद्यान्नमा छिटो आत्मनिर्भर बन्ने, अण्डा र कुखुराको मासुको आत्मनिर्भरतालाई दिगो बनाउने, दुध, माछा, मासु, मत्स्यपालन र तरकारी खेती बढाउने आलु र प्याजको आन्तरिक उत्पादन बढाउने मलखादको सन्तुलित प्रयोगबाट माटोको गुणस्तरमा सुधारजस्ता विषय बजेटमा समेटिएका थिए । बालीको उन्नत जात विकास गरी बीउ प्रतिस्थापन दरमा वृद्धि, जैविक र स्थानीय प्रजातिका बीउ बीजनको संरक्षण र विस्तार, सबै प्रदेशमा बीउको गुणस्तर निरीक्षणको व्यवस्था गर्ने भनियो यसका लागि विशेष कार्यक्रम सञ्चालन गर्ने भनी प्रतिबद्धता व्यक्त पनि गरियो ।

बालीको उन्नत जात विकास गरी बीउ प्रतिस्थापन दरमा वृद्धि, जैविक र स्थानीय प्रजातिका बीउ बीजनको संरक्षण र विस्तार, सबै प्रदेशमा बीउको गुणस्तर निरीक्षणको व्यवस्था गर्ने पनि भनियो । आगामी ३ वर्षभित्र फलफूल बालीले ढाकेको क्षेत्र दोब्बर बनाउने सार्वजनिक र निजी साझेदारीमा हावापानी र धरातलीय सम्भावनाको आधारमा फलफूल खेतीलाई बढावा दिइने, उच्च मूल्यमा नगदे र बेमौसमी उत्पादन तथा प्रशोधन, प्याकेजिङ, ब्रान्डिङ गरी निर्यातमा प्रोत्साहन गरिने समेतको नीति बजेटमा उल्लेख भयो तर कृषि वस्तुको उत्पादन वृद्धि भएन, आयातमै निर्भर हुनु पर्‍यो । सरकारी तथ्याङ्क र यथार्थबीच ठूलो खाडल देखियो ।

हाम्रो यथार्थ कृषिको अवस्थालाई हेर्दा लामो समयदेखिको कृषिक्षेत्रमा भएको लगानी खेर गएको देखिन्छ । हाम्रो व्यापार घाटालाई घटाउन र खाद्य संकटको समस्यालाई समाधान गर्न उत्पादन वृद्धि गर्नुपर्ने आवश्यकता छ ।

# कोरोना भाइरस: घरमा बसेरै कसरी चाँडो निको हुने ?



कोरोना भाइरसको दोस्रो लहरले देशमा एकपटक फेरि तहल्का पिटेको छ । एक्सपर्छ भन्छन् कि कोरोना भाइरसबाट संक्रमित मान्छेमा यात हल्का लक्षण देखिन्छ या त फेरि एसिप्टोमेटिक हुन्छ । यदि तपाईंको शरीरमा समेत कोरोनाको संकेत देखिएको छ भने केही कुरामा विशेष ध्यान दिनुपर्छ । जसले हाम्रो आफ्नो मात्रै होइन अरूको समेत ज्यान बचाउन सकिन्छ ।

### लक्षण पहिचान गरौं

ज्वरो, लगातारको खोकी, मुखको स्वाद र सुँघ्ने शक्ति कम हुनु, सास लिनमा समस्या, थकावट, टाउको दुखाइ, घाँटी दुख्ने आदि कोरोनाको सामान्य लक्षण हो । ज्वरो, मुखमा स्वाद र सुघ्ने शक्ति कम हुनु, लगातार खोकी लाग्नु जस्ता लक्षण देखियो भने तुरून्त सेल्फ आइसोलेट हुनु उपयुक्त हुन्छ । कोरोनाको हल्का लक्षणमा कुनै विशेष प्रकारको उपचार आवश्यक हुन्छ । हालांकि तपाईंको एक अनलाइन टेस्ट लिनुपर्छ ।

### सेल्फ आइसोलेसनमा कसरी रहन्छ

कोरोनाको क्षण देख्नको लागि सेल्फ आइसोलेसनमा रहनु राम्रो विकल्प हो । घरमा सुरक्षित रहनु र जबसम्म मेडिकल एड्भाइसको अत्यधिक जरूरत हुँदैन त्यतिबेलासम्म अस्पताल समेत नजानु उपयुक्त मानिन्छ । कुनै कोरोना संक्रमित व्यक्तिको सम्पर्कमा आएपछि यस बारेमा सचेत हुनुपर्छ । यदि कोरोनाको लक्षण देखियो भने कम्तीमा १४ दिन आइसोलेसनमा बस्नुपर्छ । यसबीच घर को सबै स्वस्थ सदस्यसँग दूर रहनु उपयुक्त हुन्छ ।

### आइसोलेसनमा कस्तो कुरामा ध्यान दिने ?

आइसोलेसनको लागि घरको कुनै पनि ठाउँ या कोठा छान्न सकिन्छ । जहाँ भेन्टिलेसन र खुला हावा आउने ठाउँ हुनु अनिवार्य छ । औषधि र खाना लिएर आउने मान्छेसँग फेस टु फेस सम्पर्कमा रहनबाट बच्नुहोस् । घरको सदस्यका साथ भाँडाकुँडा बिस्तारा या तौलिया जस्ता सामग्री साझा गर्नुहुन्न । खोकी वा हाछ्युँ आउँदा रूमालले नाक र मुख छोप्नुहोस् । नाक र मुखमा हात लगेपछि स्यानिटाइजर लगाउनुहोस् । घरमा पनि मास्क लगाउन नभुल्नुहोला ।

### बाथरूमको प्रयोग

यस्तो हालतमा अलग बाथरूमको प्रयोग गर्नु नै उपयुक्त हुन्छ । यदि तपाईंसँग अलग बाथरूम प्रयोग गर्ने विकल्प छैन भने हरेक पल्ट शौचालय प्रयोगपछि सफ ागर्न नभुल्नुहोला । सकेसम्म सबैले प्रयोग गरेपछि अन्तिममा संक्रमितले शौचालय प्रयोग गर्ने र प्रयोग लगत्तै राम्रोसँग सफा गर्नुपर्छ ।

### भान्साको प्रयोग

भान्सामा सकेसम्म कम जानुहोस् । त्यहाँ मान्छे भएको बेलामा त जानु नै हुँदैन । आफ्नो भाँडालाई खाना खाएर सुकाउने काम गर्नुहोस् । भाँडा डिटर्जेन्टको साथमा माझ्नु उपयुक्त हुन्छ ।

### आफ्नो ख्याल राख्नुहोस्

चिसो या अन्य फ्लु जस्तो भाइरस जस्तै कोरोनामा समेत आफ्नो ख्याल राख्नुहोस् । धेरैभन्दा धेरै पानी पिउनुहोस् । पर्याप्त मात्रामा पानी पिउनुले पिसाबको रंग पहेँलो हुने गर्छ । धुम्रपान नगर्नुहोस् । अल्कोहल कुनैपनि हालतमा नलिनुहोस् । यसबाट तपाईंको शरीर डिहाइड्रट हुन्छ । यस्तो कुनै काम नगर्नुहोस् जसले तपाईंको मिर्गौलालाई नराम्रो असर गर्छ ।


### कस्तो बेलामा गर्ने चिकित्सकसँग सल्लाह ?

कोरोना भाइरसको लक्षण केही मान्छेमा निकै गम्भीर रूपले देखिन सक्छ । यदि यो लक्षण कुनै पनि व्यक्तिको शरीरलाई ज्यादा नोक्सानी पुऱ्याउने खालको हुन्छ भने या शरीरमा अफ्ट्यारो महसुस हुन्छ भने तुरून्त चिकित्सकसँग सल्लाह लिनुपर्छ । कुनै पनि औषधिको प्रयोग पनि चिकित्सकको सल्लाहमा मात्रै सेवन गर्नुहोस् ।

उपभोग्य सामाग्री खरिद गर्दा
उपभोग मिति अनिवार्य हेरौं ।

www.thahatimes.com

# 'कोरोनाबीच मौसमी फ्लु आयो, हेलचेक्र्याइँ नगरौं'



भाइरोलोजिस्ट: डा. विष्णु उपाध्याय

हिजोआज विभिन्न उमेरसमूहका व्यक्तिहरूमा घाँटी दुख्ने, ज्वरो आउने, रूघाखोकी जस्ता समस्या धेरै देखिन थालेको छ । एकातिर यो समस्या बढ्दैछ भने अर्कोतिर कोरोनाका संक्रमितहरूको संख्या समेत यही समयमा बढेका कारण यो लक्षण कतै कोरोनाकै संकेत त होइन ? भन्नेमा धेरैलाई चिन्ता बढ्ने गरेको छ ।

अहिले सरकारले कोरोनाका कारण शहरी भेगका विद्यालय बन्द गर्न निर्देशन दिइसकेको छ भने अन्य ठाउँमा पनि स्वास्थ्य मापदण्ड पालना गर्न भनेको छ । तर के अहिले देखिएको स्वास्थ्य समस्या र कोरोनाका बीचमा सम्बन्ध छ त ?

भाइरोलोजी विषयमा विद्यावारिधि गरेका एवं केन्द्रीय जनस्वास्थ्य प्रयोगशालाबाट केही समयअघि सेवानिवृत्त भएका डा. विष्णु उपाध्याय अहिले देखिएका ती समस्याहरू मौसमी फ्लुका कारण विकसित भएका समस्या भए पनि नयाँ भेरियन्टको कोरोनाको विशेषताका कारण यसलाई सामान्य मानेर बस्न नहुने बताउँछन् ।

नयाँ भेरियन्टको कोरोना लागेका मान्छेमा जटिल अवस्थामा नपुगेसम्म लक्षण नदेखिने गरेको विभिन्न अनुसन्धानबाट पत्ता लागेको छ । त्यसैले कोरोना हो या मौसमी फ्लु भन्ने पत्ता लगाउँदा लगाउँदै समस्या बढ्न सक्ने भएकोले अहिले जोखिम थपिएको जानकारहरू बताउँछन् ।

डा. उपाध्यायका अनुसार सामान्यतया फागुन/चैत महिना मौसम परिवर्तनको समय हो । जाडो मौसम परिवर्तन भएर गर्मी मौसम लागेसँगै विभिन्न ब्याक्टेरियाहरू सक्रिय हुने गर्छन् । जसका कारण विभिन्न स्वास्थ्य समस्याहरू निम्तिने गर्छन् ।

यो साल विभिन्न कारणले चैत/वैशाखमा समेत धेरै गर्मी नभएकोले प्रिमनसुनसँगै मौसमी फ्लुको प्रभाव देखिन थालेको जानकारहरू बताउँछन् । कतिपय बच्चा एवं किशोरहरू र कतिपय वयस्कमा समेत अहिले देखिएको समस्या यही मौसमी फ्लुका कारण सिर्जना भएको समस्या रहेको जनस्वास्थ्य विज्ञहरू बताउँछन् ।

सुख्खा मौसममा आउने हावाहुरी असिना आदिका कारण श्वासप्रश्वाससँग सम्बन्धित समस्याहरू आउने गर्छ । रूघाखोकी लाग्ने र घाँटी दुख्ने श्वासप्रश्वासमा समस्या हुने जस्ता समस्या समेत यही मौसमी फ्लुका कारणले हुने गर्छ । हावाहुरीका अलावा यो विभिन्न परजीवीहरूको लागि समेत अनुकूल मौसम हो । जसका कारण डेंगु जस्ता रोगको जोखिम पनि यही मौसममा बढी हुने गर्छ । वातावरणीय परिवर्तनका कारण अहिले पनि श्वासप्रश्वासजन्य र कीटजन्य रोगले स्वास्थ्य समस्या निम्त्याएको डा. उपाध्याय बताउँछन् ।

कोरोना महामारीले त्रास फैलाइरहेको बेलामा उस्तैउस्ता लक्षण देखिने मौसमी फ्लुका कारण अभिभावकहरूमा झनै त्रास थपिएको उनको बुझाइ छ ।

### 'मौसमी फ्लु भए पनि हेलचेक्र्याइँ नगरा'

डा. उपाध्याय अहिले विकास भएको नयाँ भेरियन्टको कोरोना भाइरसमा बिरामी जटिल अवस्थामा पुगेपछि मात्रै लक्षण देखिने गरेकोले मौसमी फ्लुलाई पनि बेवास्ता गर्न नहुने बताउँछन् ।

'अहिले कोरोनाको लक्षण जोकोहीमा देखिँदैन र जटिल अवस्थामा पुगेपछि मात्रै त्यस्तो संकेत मिल्ने भएकोले मौसमी फ्लुका कारण त्यस्तो संकेत देखिँदा पनि चिकित्सकसँगको परामर्शमा जानुपर्ने अवस्था छ ।' उनी भन्छन् 'पहिलो भेरियन्टको कोरोनामा सुरूमा नै लक्षण देखिन्थ्यो । त्यसैले केही समय कुर्न पनि सकिन्थ्यो । तर अहिले त्यस्तो अवस्था छैन ।'

### कसरी जोगिने यो समस्याबाट ?

अहिले मौसमी फ्लु हो कि कोरोना हो ? भन्ने जान्नको लागि अस्पताल नै जानुपर्ने अवस्था छ । म विदेशबाट आएका व्यक्ति वा शंकास्पद व्यक्तिको सम्पर्कमा छैन भनेर ढुक्क हुन सक्ने अवस्था पनि नरहेको डा. उपाध्याय बताउँछन् । अहिले धेरैमा कोरोनाको लक्षण नदेखिने गरेको भन्दै संक्रमितको पहिचान हुन नसक्ने भएकोले तीनै तहका सरकारले तयार पारेको स्वास्थ्य मापदण्ड पालना गर्नु नै उपयुक्त रोकथामको विधि रहेको उनी बताउँछन् ।

पहिलेको कोरोना बढी वृद्धवृद्धा र शरीरमा अन्य रोग भएकालाई बढी प्रभावित गर्ने खालको थियो । तर अहिले बच्चाहरूमा समेत उस्तै संक्रमणको जोखिम रहेको देखाएको छ ।

साथै युवावस्थाका व्यक्तिलाई समेत धेरै समस्या देखिएको छ । त्यसैले यसलाई स्वास्थ्य सतर्कता अपनाउने र त्यस्तो लक्षण देखियो भने चिकित्सकलाई सम्पर्क गरिहाल्नु पर्ने उनी बताउँछन् । साथै, घरबाट बाहिर निस्कँदा संक्रमण सर्ने जोखिम बढी हुने भएकोले बाहिर निस्कँदा बढी सतर्क हुनु जरूरी छ ।

# आयु बढाउने गज्जबको तरिका

हरेक दिन दया भाव जागृत भई अरूलाई सहयोग गर्ने मानिसको स्वास्थ्य सामान्य मानिसको भन्दा राम्रो हुने अध्ययनले देखाएको छ । नम्र व्यवहार, स्वयंसेवा, चन्दा सहयोग तथा हरेक दिनको दयालु व्यवहारले मुटुसँग सम्बन्धित रोगबाट जोगाउने देखिएको हो ।

अरूलाई सधैं सहयोग गर्ने मानिसको चाँडै मृत्यु हुने जोखिम २४ प्रतिशतसम्म कम हुने अध्ययनले देखाएको छ । त्यस्तै सहयोगी मानिसको अस्पताल भर्ना हुने सम्भावना ३८ प्रतिशतसम्म कम हुने सो अध्ययनले देखाएको छ ।

दया भावले सधैं सकारात्मक सोच पैदा हुने र सकारात्मक सोचले स्वास्थ्यमा पनि सकारात्मक प्रभाव पार्ने विज्ञहरूले बताएका छन् । यसले आयु पनि बढ्छ ।

**दया भावका फाइदाहरू**

*असल हर्मोन उत्पादन :* कसैलाई सहयोग गर्दा तपाईँलाई खुसी महसुस हुन्छ । यसले दिमागमा पनि आनन्द पैदा गराउँछ ।

*डर, त्रास हटाइदिन्छ :* कसैप्रतिको दया वा सहयोगले तपाईँमा भएको डर वा त्रासलाई मेटाइदिन्छ । तपाईँका मनोभावनालाई दरो बनाइदिन्छ । तपाईँमा आत्मविश्वास पनि बढेर आउँछ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# मनहरीको गाउँगाउँमा खानेपानी योजना



◆ विकास संवाददाता

मकवानपुरको मनहरीमा खानेपानीका एक दर्जन योजना सञ्चालनमा छन् । मनहरीका बिभीन्न वडामा खानेपानीको वर्षौं देखिका समस्या टार्नका लागि योजना सञ्चालन गरिएको छ । चार वर्षको अवधिमा खानेपानीका धेरै समस्या भएका गाउँमा बृहत योजना सञ्चालन गरेर पानीको समस्या टार्न लागिएको मनहरी गाउँपालिकाका अध्यक्ष एकराज उप्रेतीले बताए ।

मनहरी गाउँपालिका वडा नम्बर–६ लोथरमा चार वर्ष देखि खानेपानी योजना सञ्चालन भइरहेको छ । ४० लाख रूपैयाँ लागतमा खानेपानी योजनाको काम भइरहेको हो । यो योजना सम्पन्न भएपछी लोथरका वासिन्दालाई खानेपानीको समस्या हुँदैन ।

मनहरी गाउँपालिका वडा नम्बर–६ बालुभन्ज्याङमा खानेपानी योजना सञ्चालन भइरहेको छ । जमिनमुनीबाट लिफ्टका माध्यमले खानेपानी योजना सञ्चालन गरिएको अध्यक्ष उप्रेतीले जानकारी दिए । मनहरी गाउँपालिका वडा नम्बर–७ बिजौनामा ७५ लाख रूपैयाँ लागतमा खानेपानी योजनाको काम भइरहेको छ । लिफ्टीङका माध्यमले पानी तान्ने काम सुरू गरिएको हो । योजना सम्पन्न भएपछी बिजौनाका वासिन्दाको पानीको सधैको समस्या हट्ने उनले बताए ।

मनहरी गाउँपालिका वडा नम्बर–८ देबकोट मा खानेपानी योजना निर्माणको काम भइरहेको छ । ३५ लाख रूपैयाँ लागतमा काम भइरहेको हो । लिफ्टिङका माध्यमले पानी तानेर यस क्षेत्रका वासिन्दालाई खुवाउने काम अन्तिम चरणमा पुगेको छ ।

मनहरी–८ कै सिमपानीमा २ करोड ५० लाख रूपैयाँ लागतमा बृहत खानेपानी योजना सञ्चालन भइरहेको छ । लिफ्टका माध्यमले पानी तानेर स्थानीयलाई खुवाउन लागिएको अध्यक्ष उप्रेतीले बताए ३ लाख लिटर पानी अट्ने क्षमताको टंकी गरिदै छ । अहिले पाइप गाड्ने काम भइरहेको छ । सिम्पानीका सबैलाई पानी खुवाउनेगरी योजना सञ्चालन भइरहेको हो ।

मनहरी गाउँपालिका वडा नम्बर–९ ज्यामिरेमा बृहत खानेपानी योजना सञ्चालन भइरहेको छ । २–२ लाख लिटर क्षमताको पानी टंकी निर्माणको काम भइसकेको छ । २ करोड ५० लाख रूपैयाँ लागतमा काम भइरहेको हो ।

मनहरी गाउँपालिका वडा नम्बर–४ मसिनेमा मुहान तयार गर्ने काम भइरहेको छ । तल्लो र माथिल्लो मसिनेमा काम भइरहेको हो । तल्लो मसिनेमा टंकी निर्माण गर्ने र पाइपको काम पनि भइसकेको उनले बताए ।

यसैगरी मनहरी–३ भुन्द्रुङमा खानेपानी योजान निर्माणको काम भइरहेको छ । २५ लाख रूपैयाँ लागतमा काम भइरहेको हो ।

मनहरी गाउँपालिका वडा नम्बर–१ मा एक करोड १० लाख रूपैयाँ लागतमा खानेपानीका लागि काम भइरहेको छ । मुहानबाट पानीटंकीसम्म पानी ल्याउने काम भइसकेको छ । अब हरेकका घरघरमा पानी पुयाउनका लागि काम थालिएको छ ।

मनहरी–१ कै गोगनपानीमा एक करोड रूपैयाँ लगानीमा खानेपानी टंकी निर्माण, पाइपलाइन विस्तार गरेर वितरण गर्ने तयारी थालिएको छ । मनहरी–१ कै चकरीमा पनि २५ लाखरूपैयाँ लागतमा बोरिङ गर्ने काम भइरहेको छ ।

# उपनिर्वाचनका लागि हेटौंडामा निर्वाचन कार्यालय स्थापना




◆ विकास संवाददाता

राष्ट्रियसभा सदस्य पदको उपनिर्वाचनका लागि निर्वाचन आयोगले वाग्मती प्रदेशको राजधानी हेटौंडामा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरेको छ ।

आयोगले निर्वाचन अधिकृतको पदमा नियुक्त गर्न न्याय परिषद्को परामर्शमा २ (दुई) जना (१ जना जगेडा समेत) जिल्ला न्यायाधीशको नामावली माग गरी कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा लेखी पठाएको आयोगका प्रवक्ता राजकुमार श्रेष्ठले जानकारी दिए ।

आयोगले वाग्मती प्रदेशबाट रिक्त राष्ट्रियसभा सदस्य पदमा जेठ ६ गते उपनिर्वाचन गर्ने निर्णय गरेको छ । त्यस दिन बिहान ९ देखि दिउँसो ३ बजेसम्म मतदान हुने आयोगले जनाएको छ । राष्ट्रियसभा सदस्य निर्वाचनमा प्रदेशसभा सदस्य र स्थानीय तहका प्रमुख र उपप्रमुखले मतदान गर्नेछन् ।

# नेकपा एमाले बागमती प्रदेश सह-इन्चार्जमा पौडेल, जिल्ला इन्चार्ज राना





◆ विकास संवाददाता

नेपाल कम्युनिष्ट पार्टी (एमाले) मकवानपुरको इन्चार्जमा केन्द्रीय सदस्य रामेश्वर राना चयन भएका छन् । नेकपा एमालेले १० वैशाखमा दशौ राष्ट्रिय महाधिवेशन आयोजक कमिटिका सदस्यरूको कार्यविभाजन गरेको हो । राना यसअघि मकवानपुरका सहइन्चार्ज थिए । यस अघि इन्चार्ज रहेका केन्द्रीय सदस्य विरोध खतिवडा भने जिम्मेवारी बिहिन भएका छन् ।

यसैबीच नेकपा एमालेको केन्द्रिय कमिटीको बैठकबाट बागमती प्रदेशका मुख्यमन्त्री समेत रहनु भएका डोरमणि पौडेललाई पार्टीको बागमती प्रदेशको सह–इन्चार्ज एबम नगरपालिका महासङ्घको इन्चार्जमा जिम्मेवारी पाएका छन् । पार्टीको केन्द्रीय सदस्य समेत पौडेललाई थप जिम्मेवारी दिइएको हो ।

माधव नेपाल पक्षधर केन्द्रीय सदस्यहरूलाई केन्द्रीय कमिटीमा यथावत राखे पनि परिभाषित जिम्मेवारी दिइएको छैन ।

> माधव नेपाल पक्षधर केन्द्रीय सदस्यहरुलाई केन्द्रीय कमिटीमा यथावत राखे पनि परिभाषित जिम्मेवारी दिइएको छैन ।

# स्थानीय तहका कर्मचारीको सरुवा खुल्यो !

◆ विकास संवाददाता

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्थानीय तहका कर्मचारीको सरूवाका लागि निवेदन आव्हान गरेको छ । मन्त्रालयले ८ वैशाखको मन्त्रिस्तरीय निर्णय अनुसार इच्छुक कर्मचारीलाई नियुक्ति पत्र र निवेदन इमेलमार्फत पठाउन भनेको हो ।

'लोक सेवा आयोगको सिफारिसबाट स्थानीय तहमा स्थायी नियुक्ति भई आफूलाई पायक पर्ने अन्य स्थानीय तहमा कामकाजमा खटिई जान इच्छुक कर्मचारीले जाने र छाड्ने दुवैतर्फको स्थानीय तहको अध्यक्ष/प्रमुख र प्रमुख प्रशासकीय अधिकृत दुवै जनाको हस्ताक्षर भएको सरूवा भई जान र आउन दिएको सहमति पत्र, स्थानीय तहका भएको नियुक्ति पत्र र कामकाजको लागि अनुरोध गरी दिएको निवेदन संलग्न गरी यस मन्त्रालयको इमेल ठेगाना मा मिति २०७८ वैशाख २० गतेसम्म इमेल गर्नुपर्ने' मन्त्रालयले भनेको छ । उक्त अवधि पश्चात् प्राप्त हुने निवेदन उपर कुनै कारबाही नहुनेसमेत मन्त्रालयले जनाएको छ ।

सरूवासँग सम्बन्धित निवेदन मन्त्रालयमा दर्ता नगरिने र नबुझिइने हुँदा अनिवार्यरूपमा इमेलमार्फत पठाउनु पर्ने मन्त्रालयले जनाएको छ । त्यसैगरी हालसम्म मन्त्रालयमा दर्ता भएका वा इमेल गरिएका निवेदनहरू उपर यस अघिकै कागजातका आधारमा आवश्यक निर्णय गरिने हुँदा पुनः इमेल गरी राख्न पर्नेछैन । प्राप्त निवेदन तथा अन्य आवश्यक कागजातहरू अध्ययन गरी आवश्यकता र प्राथमिकताको आधारमा कामकाजसँग सम्बन्धी निर्णय क्रमशः गरिने र कामकाजमा खटाइएको पत्र विद्युतीय माध्यममार्फत नै सम्बन्धित व्यक्ति वा कार्यालयमा पठाइने र मन्त्रालयबाट पत्र उपलब्ध गराइनेभएकोले व्यक्ति मन्त्रालयमा उपस्थित हुन नपर्ने पनि मन्त्रालयले जनाएको छ ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# पुरापूर तयारी भएको पालिकास्तरीय फुटबल प्रतियोगिता स्थगित




◆ विकास संवाददाता

कोरोना संक्रमण बढिरहेको अवस्थामै स्वास्थ्य मापदण्ड अपनाएर आयोजना गर्न खोजिएको मकवानपुर जिल्लाको पालिकास्तरीय जिल्ला फुटबल अन्ततः स्थगित भएको छ ।

जिल्ला समन्वय समिति मकवानपुरको आयोजना र जिल्ला खेलकुद विकास समिति मकवानपुरको संयोजनमा ९ बैशाखदेखि महामारी बीच जिल्लास्तरीय फुटबल गर्न खोजिएको थियो । ६ वैशाखमा समन्वय समितिले पत्रकार सम्मलेन गर्दै महामारीमा दर्शक बिनै भएपनि स्वास्थ्य मापदण्डको पूर्ण पालना गर्दै प्रतियोगिता गर्ने दावी समितिका प्रमुख रघुनाथ खुलालले गरेका थिए । तर, महामारी बढ्दै गएपछि प्रतियोगिता स्थगित गरिएको छ ।

जिल्ला समन्वय समितिका जिल्ला समन्वय अधिकारी आनन्दराज पोखरेलले प्रतियोगिता स्थगित भएको जानकारी दिएका छन् । उनले अर्को सूचना नभए सम्मका लागि प्रतियोगिता स्थगित गरि एको पोखरेलले बताए । १८ वैशाख समापन गर्ने गरी हेटौंडा-१० वनविज्ञान अध्ययन संस्थान (फरेष्ट्रि) को खेलमैदानमा प्रतियोगिता गर्ने तयारी थियो । प्रतियोगिताका लागि जिल्लाका १० वटै स्थानीय तहका फुटबल टिमले पनि करिब तयारी सकाएका थिए । प्रतियोगिताका लागि विभिन्न ११ वटा उपसमिति गठन गरेर तयारी तीव्र बनाइएको थियो ।

चौर व्यवस्थापनमा सुनिल लोप्चन, प्रविधिक समितिमा कल्पना शर्मा, स्वास्थ्य समितिमा निरूकुमारी मगर, अतिथि सत्कारमा सानुकुमार लामा, अनुशासन समितिमा देवराज रिमाल, टिम व्यवस्थापनमा युनाल मल्ल, स्वयमसेवक परिचालमा किशोर श्रेष्ठ, मञ्चमा विमल थापा मगर, प्रचारप्रसारमा विवस अधिकारी तथा पुरस्कारमा खुशराज दाहालको समूहलाई जिम्मेवारी दिएर प्रतियोगिताको तयारी गरिएको खेलकुद विकास समिति अध्यक्ष सानु लामाले जानकारी दिए । उनले तयारी सबै सकिएको र महामारी घट्नो बित्तिकै प्रतियोगिता गर्ने जानकारी दिए । प्रतियोगितामा हेटौंडा उपमहानगरपालिका, थाहा नगरपालिका, मकवानपुरगढी, भीमफेदी, इन्द्रसरोबर, बकैया, बागमती, मनहरी, राक्सिराङ र कैलाश गाउँपालिकाको एक/एक वटा फुटबल टिमले प्रतिस्पर्धा गर्नेछन् ।

जिल्लाभरका १ सय ८० खेलाडी सहभागी हुने प्रतियोगिताको विजेताले दुई लाख रूपैयाँ र उपविजेताले एक लाख ५० हजार रूपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र पाउने समितिले जनाएको थियो । प्रतियोगिताको अनुमानित लागत ८ लाख ७७ हजार १ सय ५० रूपैयाँ थियो ।

# भीमफेदी-कुलेखानी सडक डेढ महिना बन्द



◆ विकास संवाददाता

काठमाण्डौ छोटो दुरीको मार्ग अन्तरगत भीमफेदी-कुलेखानी सडक डेढ महिनाका लागि वन्द गरिएको छ । यस सडकमा पीच गर्नका लागि बन्द गरिएको हो । बैशाख १० गते देखि जेठ २५ गते सम्मका लागि छोटो दुरीको मार्ग वन्द गरिएको हो ।

भीमफेदी-कुलेखानीको सडक फराकिलो पार्ने काम सकेर अहिले भने स्लाब ढलान र पीच गर्ने काम गर्न लागिएको हो । सडकका धेरै स्थानमा यसअघिनै स्लाब ढलान समेत गरिएको छ । अब भने सडकमा पीच गर्न लागिएको बागमती प्रदेशको यातायात पूर्वाधार विकास निर्देशनालयले जनाएको छ ।

यसअघि दुइमहिना सम्म सडक बन्द गरेर मोड र अप्ठेरो स्थानमा स्लाब ढलान गरिएको थियो । अब भने पीच गर्ने काम मात्र बाकी रहेको यातायात पूर्वाधार निर्देशनालय हेटौंडाका निर्देशक डाक्टर सहदेब बहादुर भण्डारीले बताए । अब पीच गर्ने काम सक्नेगरी काम थालिएको छ । यस सडकको ८० प्रतिशतको काम सकिएको छ ।

भीमफेदीदेखि देउराली भञ्ज्याङसम्मको आठ किलोमिटर सडकका लागि १८ करोड रूपैयाँ तथा देउरालीदेखि कुलेखानीको हेबी चौर सम्मको साढे सात किलोमिटर सडकका लागि १६ करोड रूपैयाँगरी ३४ करोड बजेट विनियोजन भएको थियो । भीमफेदी-कुलेखानी-हेबीचौरसम्म पुरानो सडक फराकिलो पारिएको छ । ढल तथा पर्खाल निर्माण गरिएको छ ।

मदन-भण्डारी राजमार्ग अन्तर्गत पर्ने सिस्नेरीदेखि काठमाडौंको दक्षिणकालीका जोड्ने सडक पनि धमाधम मर्मत भइरहेको छ ।

# युवा संघ नेपाल मकवानपुरको संयोजकत्वमा किरणमान




◆ विकास संवाददाता

सर्वोच्च अदालतको आदेशले नेपाल कम्युनिष्ट खारेज गरी नेकपा एमाले पुनर्स्थापित गरेसँगै भ्रातृ संगठन गठन, पुनर्गठन कार्यले निरन्तरता पाएको छ ।

यसै सन्दर्भमा युवा संघ मकवानपुरका उपाध्यक्ष किरणमान बलको संयोजकत्वमा युवा संघ नेपाल मकवानपुर जिल्ला कमिटी गठन भएको छ । युवा संघ मकवानपुरको शनिबार भएको बिस्तारित बैठकले जिल्ला कमिटीको सचिवको जिम्मेवारी सगुन स्याङ्तानलाई दिएको छ । बिस्तारित बैठकले रिक्त र हेका पदहरूमा समेत सदस्यहरू थप गरी १५१ सदस्यीय जिल्ला कमिटी गठन गरेको सचिव सगुन स्याङ्तानले जानकारी दिनु भएको छ । बैठकको प्रमुख आतिथ्यता गर्दै नेकपा एमाले केन्द्रीय सदस्य केदार न्यौपानेले अनुशासनसहितका युवाहरूले बिग्रँदै गएको कम्युनिष्ट आन्दोलनलाई जोगाउन सक्ने बताए ।

उनले सही र गलत बुझेर अघि बढ्नुपर्ने भन्दै विश्लेषणात्मक आलोचनात्मक भएर अघि बढ्न सक्ने युवाहरू सफलता उन्मुख हुने बताए । कार्यक्रममा पूर्वमन्त्री एबम् एमाले केन्द्रीय सदस्य तथा नेपाल खेलकुद महासंघका अध्यक्ष पुरूषोत्तम पौडेल, नेकपा एमाले जिल्ला अध्यक्ष मुनु सिग्देल, उपाध्यक्ष बद्री लम्साल, युवा संघ केन्द्रीय सचिव आरती पाठक, केन्द्रीय सचिवालय सदस्य प्रकाश बानियाँ, केन्द्रीय सदस्यहरू गोविन्द दुलाल, राजप्रकाश भण्डारी, समिर स्याङ्तान लगायतको सहभागिता रहेको थियो ।

बिस्तारित बैठकले स्थानीय तहमा कमिटीको बिस्तार लगायत राजनीतिक योजना निर्माण गरेको बताइएको छ ।

# एकै दिन १३ मुद्दा फैसला

◆ विकास संवाददाता

जिल्ला अदालत मकवानपुरले ७ वैशाखमा एकै दिन १३ मुद्दा फैसला गरेको छ । मंगलबारका लागि इजलासमा २८ मुद्दाका पेशी तोकिएको थियो । ती मध्ये अदालतले १५ मुद्दामा आदेश जारी गरेको छ ।

न्यायाधीश डिल्लीरत्न श्रेष्ठको इजलासमा मुद्दाका पेशी तोकिएकोमा तीनको फैसला भएको र तीनमा आदेश जारी भएको हो ।

यसैगरी न्यायाधीश कमलराज विष्टको इजलासमा आठ मुद्दाका पेशी तोकिएकोमा पाँचको फैसला भएको तथा तीनमा आदेश जारी भएको हो । न्यायाधीश मनोज श्रेष्ठको इजलासमा सात मुद्दाका पेशी तोकिएकोमा एकको फैसला भएको र ६ मुद्दाको आदेश जारी भएको थियो । न्यायाधीश सीता शर्मा अधिकारीको इजलासमा सात पेशी तोकिएकामा चार फैसला भएको र तीन आदेश जारी भएको जिल्ला अदालत मकवानपुरका श्रेस्तेदार तीर्थराज भट्टराईले बताए ।

यसैगरी जिल्ला अदालत मकवानपुरको इजलासमा बुधबारका लागि १९ मुद्दाको पेशी तोकिएको थियो ।

उपभोग्य सामाग्री खरिद गर्दा उपभोग मिति अनिवार्य हेरौं ।

# भीमफेदीमा वैशाखमै परीक्षा सक्ने तालिका सार्वजनिक




◆ विकास संवाददाता

भीमफेदी गाउँपालिकाले पालिका भरी रहेका पालिका स्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा (८) को परीक्षा बैशाख १९ गतेदेखि सञ्चालन गर्ने भएको छ । हाल देशैभर फैलिरहेको कोरोना अर्थात कोभिड-१९ ले पार्ने असरलाई मध्यनजर गर्दै तोकिएको समय अगाडि नै परीक्षा सञ्चालन गर्न लागिएको हो ।

व्यवस्थापन समितिको बैठकले २०७८ सालको गाउँपालिका स्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा (कक्षा ८) को परीक्षा सञ्चालन गर्ने निर्णय गरेको हो । 'हाल कोरोनको जोखिम बढ्दै गइर हेकोले कक्षा ८ को परीक्षा बैशाख १९ गतेदेखि २७ गतेसम्म सञ्चालन गर्न लागिएको हो'-पालिका स्तरीय आधारभूत शिक्षा उत्तीर्ण परीक्षा कक्षा (८) का परीक्षा सञ्चालक संयोजक जीवन कुवँरले भने । कक्षा १ देखि ९ सम्मको वार्षिक परीक्षा भने बैशाख १३ गतेदेखि नै सञ्चालन गर्न लागिएको, भीमफेदी गाउँपालिका शिक्षा शाखाका शैक्षिक सुपरीवेक्षक गोविन्दप्रसाद चौलागाईंले बताए । परीक्षा दिउँसो १ बजेदेखि ४ बजेसम्म रहने छ ।

कोरोना भाइरसको संक्रमण पुनः बढेसँगै सरकारले विद्यालयहरूलाई तोकिएको मापदण्ड अनुसार स्वास्थ्य सुरक्षा कायम गर्न आग्रह गरेको छ । यसको सम्पूर्ण जिम्मेवारी गाउँपालिकालाई प्रदान गरेको छ । सोही अनुसार भीमफेदीले वार्षिक परीक्षा सञ्चालन गर्न लागेको हो । अन्य पालिकाले पनि परीक्षाको तयारी गरिरहेका छन् ।

# अनेरास्ववियु (क्रान्तिकारी) थाहानगर अध्यक्षमा सिन्तान

◆ विकास संवाददाता

अनेरास्ववियु (क्रान्तिकारी ) थाहा नगरको तेस्रो नगरसभाले सुसान्त सिन्तानलाई अध्यक्षतामा चयन गरेको छ । नगर कमिटिमा उन्नाइस सदस्य छन् । समितिको उपाध्यक्षमा भुपेन्द्र गोपाली चयन भएका छन् भने सचिव-सुवाष थोकर, सह-सचिव मेनुका देउला, कोषध्यक्ष-ममता गोपाली चयन भएका छन् । त्यस्तै सदस्यहरुमा निर्जना विडारी, विनिता गोपाली, अन्जना सिन्तान, मोनिका खत्री, शुभराज कालिराज, सनिता भट्ट, विराज रायमाझी, अजय लामा, सुजित प्रधान श्रेष्ठ , रेमिस प्रधान , सनुप श्रेष्ठ, सुरज श्रेष्ठ ,अनिल तामाङ, विजय रूम्बा रहने छन् । थाहानगर अध्यक्ष दिपेन्द्र दियालीको सभाध्यक्षतामा भएको अधिवेशनमा अनेरास्ववियु (क्रान्तिकारी) केन्द्रिय सचिवालय सदस्य तथा हेटौंडा उपमहानगरपालिका पार्टी सचिवालय सदस्य प्रदीप अर्यालको प्रमूख आतिथ्यता रहेको थियो ।



प्रमूख अतिथि अर्यालले स्वच्छ निष्पक्ष तथा असल नेतृत्वको अगुवाईका निम्ति सम्पूर्णलाई आह्वान उल्लेख गरिएको ब्यानरमा हस्ताक्षर गरेर सभाको उद्घाटन गरेका थिए । अधिवेशनमा थाहा नगरपालिका वडा नं, ३ का वडा अध्यक्ष राजेश केसी.को विशेष आतिथ्यता रहेको थियो । कार्यक्रममा अनेरास्ववियु क्रान्तिकारी केन्द्रिय सदस्य दिनेश सुवेदी, जिल्ला संयोजक आकाश पाखीन, सहसंयोजक श्रवण कुमार बर्तौला, प्रचार प्रसार विभाग प्रमूख मोहन चन्द्र चौलागाई, थाहानगर सम्मेलन समिति प्रमूख मुकेश गोले, नेकपा (माओवादी केन्द्र) का ईन्द्रसरोवर ईन्चार्ज विनायक गोले, वाईसियल प्रदेश सदस्य तथा थाहा-७ वडा सदस्य दिपेन्द्रकुमार थिङ, वाईसियल जिल्ला सदस्य तथा पर्यटन विभाग प्रमूख अरूण मोक्तान लगायतको आतिथ्यता रहेको थियो ।


◆ घटना दर्ता गर्दा ढिलाइ भए जरिवाना

घटना घटेको ३५ दिन भित्र दर्ता गराउँदा नि:शुल्क र त्यसपछि तोकिएको जरिवाना तिरी दर्ता गर्नुपर्दछ ।

◆ बैशाख महिनाको पहिलो साता विशेष अभियान

प्रत्येक वर्ष बैशाख महिनाको पहिलो साता संचालन हुने व्यक्तिगत घटना दर्ता सप्ताहमा सहभागी बनौं ।

◆ घटना दर्ताको अनलाईन निवेदन कसरी दिने ?

नागरिकले व्यक्तिगत घटना दर्ताको अनलाई आवेदन दिन राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको वेबसाईट https://donidcr.gov.np मा रहेको अनलाईन घटना दर्ताको निवेदन लिंकमा गई विवरण भरी प्राप्त टोकन नम्बर लिएर दर्ता शिविर वा सम्बन्धित वडा कार्यलयमा गई घटना दर्ता गर्न सकिनेछ ।










गुनासो:

घटना दर्ता सम्बन्धी केही गुनासो भएमा आफ्नो वडा कार्यालय वा स्थानीय सरकारको केन्द्रमा निवेदन दिनुहोस् वा राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको
वेबसाइट: https://gms.donidcr.gov.np/Grievance/PublicMain
फेसबुक: https://www.facebook.com/DepartmentofNationalI-DandCivilRegistration
ट्विटर: https://twitter.com/DoNIDCRNep
इमेल: info@donidcr.gov.np
फोन: ०१-५२०००५६ मार्फत दर्ता गराउन सकिन्छ ।

" व्यक्तिगत घटना घटेको ३५ दिन भित्र स्थायी ठेगाना भएको वडामा घटना दर्ता गराउनु नागरिकको कर्तव्य हो । "



" दोहोरो घटना दर्ता गर्नु, झुटा विवरण दिई घटना दर्ता गराउनु दण्डनीय कार्य हो । "

" बहुविवाह गर्नु गैरकानूनी कार्य हो । तसर्थ बहुविवाह नगरौं, नगराऔं । "

" २० वर्षभन्दा कम उमेरमा विवाह गर्नु, गराउनु दण्डनिय अपराध हो । "

व्यक्तिगत घटना दर्ता

थप जानकारी लागि

**थाहा नगरपालिका**

**इन्द्रायणी चौर मकवानपुर**

सम्पर्क नं. ०५७-४०००६६

◆ व्यक्तिगत घटना दर्ता के हो ?


व्यक्तिको जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाई सराई जस्ता घटना घटेमा स्थानीय पञ्जीकाधिकारीको कार्यालयमा गई सूचना दिने, दर्ता गराउने र प्रमाण-पत्र लिने कार्यलाई व्यक्तिगत घटना दर्ता भनिन्छ ।

◆ व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र किन आवश्यक पर्दछ ?

व्यक्तिगत घटना दर्ताको प्रमाणपत्र बालबालिकालाई विद्यालयमा भर्ना गर्न, नागरिकता बनाउन, नाबालक राष्ट्रिय परिचय-पत्र बनाउन, सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न साथै राज्यबाट पाउने सेवा, सुविधा र हक स्थापना गर्न आवश्यक पर्दछ ।

◆ व्यक्तिगत घटना दर्ता कहाँ गर्ने ?

आफ्नो स्थायी ठेगाना भएको वडामा तोकिएको सूचकले आवश्यक कागजात सहित घटना दर्ता गराउन सकिन्छ ।



व्यक्तिगत घटना दर्तामा सूचक र संलग्न गर्नुपर्ने कागजपत्रबारे जानकारी

| घटना | सूचक | संलग्न गर्नुपर्ने कागजपत्र |
|---|---|---|
| जन्म | ➢ बाबु र आमा,<br>बाबु र आमा उपस्थित हुन नसकेमा बाबु वा आमा,<br>➢ बाबु वा आमा नभएको प्रमाणित भएमा बाबु तर्फको हजुरबुबा वा हजुरआमा वा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकताको प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा जन्म भएको भए जन्म प्रतिवेदन वा प्रमाण,<br>➢ घरमा जन्म भएको भए खोप लगाएको प्रमाण, |
| विवाह | ➢ पति र पत्नी दुवै जना | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ पतिको नागरिकता प्रमाणपत्र,<br>➢ पत्नीको नागरिकता प्रमाणपत्र (भएमा),<br>➢ पति पत्नीको २/२ प्रति हालसालै खिचेको पासपोर्ट साइजको फोटो |
| सम्बन्ध विच्छेद | ➢ पति वा पत्नी | ➢ सूचकको सहिछाप सहितको सूचना फाराम,<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ अदालतको निर्णय वा फैसलाको प्रतिलिपि, |
| बसाई सराई | ➢ बसाई सरी जाने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको सहिछाप सहितको लगत हस्तान्तरण फाराम<br>➢ सूचकको नागरिकता प्रमाणपत्र |
| | ➢ बसाई सरी आउने परिवारको सदस्य मध्ये मुख्य व्यक्ति वा नभएमा १८ वर्ष उमेर पुगेको परिवारको सदस्य | ➢ सूचकको नागरिकताको प्रमाण पत्र<br>➢ लगत हस्तान्तरणको सक्कल फाराम |
| मृत्यु | ➢ बाबु वा आमा वा पति वा पत्नी वा छोरा वा छोरी,<br>➢ उल्लेखित सूचक नभएको प्रमाणित भएमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्ति, | ➢ सूचकको सहिछाप सहितका सूचना फाराम,<br>➢ मृतकको नागरिकता प्रमाणपत्र वा जन्म दर्ता<br>➢ सूचकको नागरिकता प्रमाणपत्र,<br>➢ स्वास्थ्य संस्थामा मृत्यु भएमा मृत्यु प्रतिवेदन वा प्रमाण |


# विषादी परीक्षण गरेर मात्र बिक्रि गर्न माग

◆ विकास संवाददाता

तरकारी कृषकले हेटौंडा बजारमा बिक्री वितरण हुने तरकारीमा विषादीको मात्रा परीक्षण गरिनुपर्ने माग गरेका छन् । हेटौंडामा सञ्चालित जिल्ला खाद्य अधिकार सञ्जालको बैठकमा सहभागी कृषकले बजारमा आउने तरकारीमा विषादीको मात्रा परीक्षण गरेर मात्र उपभोक्तासम्म जानुपर्ने माग गरेका हुन् ।

मौसम अनुसारका तरकारी उत्पादन गर्दै आएका किसान तथा खाद्य अधिकार सञ्जाल भीमफेदीका संयोजक दिपक पुडासैनीले आफ्ना उत्पादनमा पनि विषादीको मात्रा परीक्षण गर्न खोजेको तर प्रविधिको अभावमा आफूले चाहना गरे अनुसार परीक्षण गर्न नपाएको बताए । 'मैले उत्पादन गरेको तरकारीमा विषादीको मात्रा हेर्न खोजेको थिएँ, जाँच गर्ने मेसिन नहुँदा आफूले उत्पादन गरेको चीज कत्तिको सुरक्षित छ भनेर हेर्न पनि पाइएन', उनले भने ।

प्रतिबन्धित विषादीको प्रयोग गरेर राम्रा देखाइ बजारमा तरकारी बेचिएको आफूले देखेको भन्दै उनले यस्ता कार्य तत्काल रोकेर उपभोक्तालाई न्याय गरिनुपर्ने बताए । 'सस्तोमा पाइने, राम्रो देखिने विषादी हालेर तरकारी बेचिरहेको देख्छु । नराम्रो लाग्छ, थाहा पाउँदापाउँदै पनि हामीले केही गर्न सकेनौं', उनले भने, 'विषादी विष हो भन्नेबारे किसान र उपभोक्ता दुबै पक्षलाई अभिमुखीकरणको खाँचो छ ।'

बैठकमा खाद्य अधिकार सञ्जाल बकैयाका संयोजक पवन सिं गुरूङले आफ्नो क्षेत्रमा पनि खाद्यवस्तुका गुणस्तर हेर्न बजार अनुगमन जरूरी रहेको बताए । विकासका नाममा हुने विनास र सर्वसाधारण नागरिकको खाद्य अधिकार खोसिएका सवालमा नागरिक स्तरबाट गुनासो आएको भन्दै स्थानीय संयोजकहरूले आफ्नो तर्फबाट सम्बन्धित निकायमा ध्यानाकर्षण गरिएको बताए ।

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेल: bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी